नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## भक्तपुरको

## सूचना

मिति: २०७८।०१।०९

विश्वभरि फैलिँदै गइरहेको कोभिड-१९ महामारी संक्रमण नेपाल समेत बढ्दै गएको सन्दर्भमा सोको रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७/०१/०६ को निर्णयबाट भएको आदेश कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं.३०४४, मिति २०७८/०१/०६ को पत्रबाट निर्देशन प्राप्त भएकोले जिल्ला संकट व्यवस्थापन केन्द्र(DCCMC) को मिति २०७८/०१/०६ गतेको निर्णयानुसार देहाय बमोजिम गर्नु गराउनु हुन सम्पुर्ण सरोकारवाला महानुभावहरुमा जिल्ला प्रशासन कार्यालय भक्तपुर हार्दिक अनुरोध गर्दछ ।

१. भक्तपुर जिल्लाका सबै नगरपालिकामा रहेका शैक्षिक संस्था (विद्यालय , कलेज, ट्युसन सेन्टर, तालिम केन्द्र) २०७८ साल बैशाख मसान्तसम्म भौतिक रुपमा उपस्थित नभई भर्चअल वा वैकल्पिक शिक्षण सिकाइका विधिहरु अपनाई शैक्षिक गतिविध संचालन गर्ने ।

२. विद्यालय र कलेज पुर्वनिर्धारित परिक्षा तथा चिकित्सा शिक्षाका सबै किसिमका प्रयोगात्मक कक्षा जनस्वास्थ्यका मापदण्ड पालना गरी संचालन गर्ने ।

३. सिनेमा हल, पार्टी प्यालेस, डान्स बार, दोहोरी , नाचघर, क्लब , हेल्थ क्लब , जिम खाना, स्विमिङ्गपुल, फुटसल, सभा, आमसभा, जुलुस, हाटबजार , रङ्गशाला हुने दर्शक सहितको खेलकुद र मानिसहरुको भीडभाड हुने अन्य प्रकारका सबै कार्यक्रम संवत् २०७८ बैशाख मसातसम्म बन्द गर्ने ।

४. एक पटकमा २५ जना भन्दा बढी भेला नहुने साथै सपिङ मल, डिपार्टमेण्टल स्टोरका संचालक/व्यवथापकले जनस्वास्थ्यका मापदण्डका पुर्ण पालना गरी व्यवसाय संचालन गर्ने ।

५. मेला, महोत्सव , जात्रा, पर्व, विवाह, न्वारान, पास्नी, ब्रतबन्ध, धार्मिक अनुष्ठान , मलामी लगायतका अत्यावश्यक परम्परागत धार्मिक तथा सांस्कृतिक क्रियाकलापहरु संचालन गर्दा २५ जना बन्दा बढी नहुने र जनस्वास्थ्यका मापदण्डको पूर्ण पालना गरी मात्र यस्ता कार्यहरु संचालन गर्ने ।

सहायक प्रमुख जिल्ला अधिकारी

वेभसाइट: daobhaktapur.moha.gov.np ईमेल: daobhaktapur@gmail.com फोन: ६६१४४३३, ६६१४८०१, ६६१०१०६

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## भक्तपुरको

६. विवाह व्रतबन्धका लागि पार्टी प्यालेस प्रयोग गर्नु पर्ने भएमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी बढीमा २५ जना मात्र सहभागी हुने गरी यस कार्यालयको अनुमति लिई गर्ने ।

७. मठ, मन्दिर,मस्जिद,गुम्बा,चर्च लगायतका धार्मिक स्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी २०७८ साल बैशाख मसान्तसम्म नित्य पूजा, ध्यान प्रार्थना मात्र गर्ने, गराउने ।

८. सभा, सम्मेलन, गोष्ठी, समीक्षा , बैठक, तालिम ,प्रशिक्षण जस्ता क्रियाकलापहरु संचालन गर्दा भर्चुअल माध्यबाट गर्ने । भौत्तिक रुपमा उपस्थित भई गर्ने पर्ने भएमा बढीमा २५ जना मात्र सहभागी रहने गरी जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी सचालन गर्ने ।

९. सार्वजनिक यातायात संचालन गर्ने सम्बन्धमा देहायबमोजिम गर्ने

क) सिट क्षमता भन्दा बढी यात्रु नराख्ने,

ख) सबै यात्रुलाई मास्क अनिर्वाय गर्ने ,

ग) सवारी साधनको ढोकामा र सवारी साधनको भित्र सेनिटाइजरको व्यवस्था गर्ने,

घ) चालक तथा सहचालकले मास्क र भाइजर लगाउने,

ङ) सवारी साधनलाई दैनिक रुपमा निसङक्रमित गर्ने,

च) सार्वजिनक यातायातमा कुनै यात्रुले मास्क नलगाई आएमा चालक वा सहचालकले बढीमा रु.१०/- लिई मास्क उपलब्ध गराउने,

छ) मास्क नलगाउने व्यक्तिलाई सवारी साधनमा प्रवेश गर्न नदिने,

ज) लामो दूरीमा चल्ने सार्वजनिक यातायातमा बीच बाटोमा थप यात्रु नचढाउने गरी शुरु गन्तव्यदेखी अन्तिम गन्तव्यसम्म यातायात संचालन गर्ने र यात्रुहरुको विवरण यस जिल्ला प्रशासन कार्यालयमा उपलब्ध गराउने ।

१०. कार्यालय र पसल जस्ता सार्वजनिक स्थलमा सेनिटाइजर र मास्कको प्रयोग अनिर्वाय गर्ने । कुनै व्यक्तिले मास्क नलगाइ आएमा व्यवस्थापकले बढी रु.१०/- लिई मास्क उपलब्ध गराउने । मास्क नलगाउने व्यक्तिलाई कार्यालय तथा पसलमा प्रवेश गर्न नदिने ।

११. होटल तथा रेष्टुरेण्टहरु बिहान ८ बजेदेखी बेलुका ८ बजेसम्म जनस्वास्थ्यका मापदण्ड पालना गरी संचालन गर्ने ।

१२. कोभिड-१९ को रोकथाम , नियन्त्रण, उपचार र निगरानीका लागि देहायबमोजिम गर्नेः-

क. जनस्वास्थ्यका मापदण्डको पूर्ण पालना गर्ने,

प्रमुख जिल्ला अधिकारी

वेबसाइट: daobhaktapur.moha.gov.np ईमेल: daobhaktapur@gmail.com फोन: ...३, ६६१२८०१, ६६१०४०६ फ्याक्स ६६१२६०३

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## भक्तपुरको

ख. घर बाहिर निस्कदाँ अनिवार्य रुपमा मास्को प्रयोग गर्ने, प्रयोग गरिएका मास्क बन्द डस्बिन वा प्लाष्टिक झोलामा बन्द गरी सुरक्षित साथ राखी पाँच दिन पछि मात्र बिसर्जन गर्ने,

ग. घर तथा सार्वजनिक स्थानमा जथाभावी नथुक्ने र प्रयोग गरेको मास्क जथाभावी नफाल्ने,

घ. विदेशबाट नेपाल आउँदा वा निकट सम्पर्कममा रही कन्टयाक्ट ट्रेसिङमा परेमा परीक्षणबाट नतिजा नेगेटिभ भए तापनि कम्तीमा १० दिन होम क्वारेन्टनमा अनिर्वाय रुपमा वस्ने,

ङ. पी.सी.आर. परीक्षणका लागि प्रयोगशालामा स्वाब दिए पछि नतिजा नआएसम्म बाहिर हिंडडुल, भेटघाट र बैठक नगर्ने ,

च. स्थानीय तहमा क्वारेन्टिन र आइसोलेसनमाबसेका व्यक्तिलाई सक्दो सहयोग गर्ने,

छ. अन्य व्यक्तिले जनस्वास्थ्य मापदण्ड पालना नगरेमा स्थानीय तह,स्थानीय प्रशासन ,स्वास्थ्य संस्था, टोल सुधार समिति ,उपभोक्ता समिति वा सम्बद्ध अन्य निकाय वा संस्थालाई यथाशीघ्र जानकारी गराउने,

ज. होम आइसोलेसनमा बसेका व्यक्ति स्वास्थ्यकर्मीको नियमित सम्पर्कमा रहने र स्वास्थ्य सम्वन्धी कुनै समस्या भएमा तुरुन्तै नजिकको अस्पतालमा जाने,

१३. माथी उल्लेखित आदेशको अवज्ञा गर्ने वा आदेश कार्यान्वयनमा बाधा पुर्याउने व्यक्ति तथा संस्थालाई सक्रमण रोग ऐन, २०२० बमोजिम कारवाही गरिने व्यहोरा समेत अनुरोध छ ।

सहायक प्रमुख जिल्ला अधिकारी

वेभसाइट: daobhaktapur.moha.gov.np ईमेल: daobhaktapur@gmail.com ☎ ६६१४४३०, ६६१४८०१, ६६१०५०६ ☐६६१४६००